## सुनवल नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

संकल्पः समृद्ध नगर, सुखी नगरबासी

दुरदृष्टीः समाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता

**सपनाः नारीको नेतृत्व, सामाजिक स**द्भाव सहित समृद्ध सुनवलको जोगाउ अस्तित्व

**सुनवल नगरपालिकाको तेह्रौं नगरसभामा उपस्थित नगर उपप्रमुख श्री सूर्य प्रसाद दुबेज्यू**
**प्रमुख प्रशासकीय अधिकृतज्यू, उपस्थित सम्पूर्ण सभासदज्यूहरु,**
**सम्पूर्ण कर्मचारी लगायत पत्रकार बन्धुहरु**

आज हामी सुनवल नगरपालिकाको १३ औं नगरसभामा उपस्थित छौं । यो उपस्थितिलाई हार्दिक स्वागत गर्दै सुनवल नगरपालिकाको समग्र विकासात्मक प्रशासनिक तथा अन्तरनिकाय समन्वयमा सहयोग पुर्‍याउने समग्र राजनीतिक दल, नागरिक क्षेत्र तथा सम्पूर्ण सरोकारवाला क्षेत्रलाई हार्दिक धन्यवाद दिदैं राष्ट्रको उन्नती प्रगतिमा साहदत प्राप्त गर्ने सम्पूर्ण बिर शहिदहरु प्रति श्रद्धसुमन अर्पण गर्दछु ।

**नगरसभाका सभासदजयूहरु,**

देश संघीयतामा प्रवेश पश्चात राज्य पूर्नसंरचनाका कार्यहरु सम्पन्न भै यस सुनवल नगरपालिकाले विगतदेखि हालसम्म ६ वटा बजेट निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपालको संविधानको एकल, साझा अधिकार क्षेत्र, कार्य विस्तृतिकरणबाट प्राप्त अधिकार क्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, चालु पञ्चवर्षीय योजना, संघ, प्रदेश र हामीहरुले संचालन गरेका अभियानमुखि कार्यक्रम, आन्तरिक श्रोतको अवस्था तथा जनताका ईच्छा र चाहनाका आधारमा गत आ.व. २०७९/८० मा हामीहरुले नीति, कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याएका छौं । स्वीकृत नीति, कार्यक्रम तथा बजेटबाट जनताका आवश्यकता र चाहना प्राप्त श्रोत साधनको चातुर्यतापूर्वक संचालनबाट हामीहरुले जे जति उपलबधी प्राप्त गर्‍यौं सो उपलब्धी हामीहरुको साझा लगाब तथा जनताको समर्थनबाट प्राप्त भएको हो । आगामी दिनमा साझा लगाब र भावनाबाट सामुहिक रुपमा प्रयत्न गर्न सके जनताको खुशियाली तथा हामीहरुको सामाजिक अठोट पूर्ण हुने विश्वास लिईएको छ ।

**नगरसभाका सभासदजयूहरु,**

अब म आ.व. २०७९/८० को स्वीकृत नीति, कार्यक्रम तथा बजेटको उपलब्धी, आ.व. २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटको मार्गदर्शन, प्राथमिकता तथा समग्र श्रोत परिचालनको अवस्था यो सम्मानित सदनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### आ.व. २०७९/८० को प्रगतिः

**क. सामाजिक विकास तर्फः**

समग्र सामाजिक विकास तर्फ आर्थिक वर्ष २०७९/८० मा विनियोजित रकम रु. ४१ करोड ८८ लाख ५९ हजार १ रुपैया मध्ये हालसम्म ८१.१३ प्रतिशत प्रगति भएको छ ।

**ख. आर्थिक विकासतर्फः**
समग्र आर्थिक विकास तर्फ आर्थिक वर्ष २०७९/८० मा विनियोजित रकम रु. १० करोड ४१ लाख ६० हजार १ सय ४ रुपैया मध्ये हालसम्म ८० प्रतिशत प्रगति भएको छ ।

**ग. पूर्वाधार विकास तर्फः**
समग्र पूर्वाधार विकास तर्फ आर्थिक वर्ष २०७९/८० मा विनियोजित रकम रु. ३९ करोड ८५ लाख ६ हजार ४ सय ९७ रुपैया मध्ये हालसम्म ६३.२१ प्रतिशत प्रगति भएको छ । (भौतिक पूर्वाधार निर्माणमा पेश्की उपलब्ध नगराई कार्यसमपन्न प्रश्चात भुक्तानी दिईने भएकोले वित्तिय प्रगति कम देखिन आएको छ ।)

**घ. सुशासन तथा संस्थागत विकास तर्फः**
समग्र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ आर्थिक वर्ष २०७९/८० मा विनियोजित रकम रु. २४ करोड ७१ लाख ६६ हजार १ सय रुपैया मध्ये हालसम्म ८६.९३ प्रतिशत प्रगति भएको छ ।

**ङ वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः**
समग्र वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ आर्थिक वर्ष २०७९/८० मा विनियोजित रकम रु. १ करोड ३१ लाख ७२ हजार रुपैया मध्ये हालसम्म ८५.४८ प्रतिशत प्रगति भएको छ ।

आ.व. २०७९/८० मा गरिएको श्रोत अनुमान, विनियोजित बजेट मध्ये संघ र प्रदेशबाट रकम कटौती भएको, राजश्व परिचालनमा न्यून राजश्व संकलन भएको, घाटा बजेट पूर्ति गर्न नसकिएको अवस्थामा हाम्रो संचित कोषमा प्राप्त रकमको खर्च प्रतिशत ९६.७ प्रतिशत वित्तीय प्रगति र सो वित्तीय प्रगतिबाट प्राप्त भौतिक प्रगति ९५ प्रतिशत हुने अनुमान गरिएको छ । श्रोत अनुमान अनुसार प्रगति गणना गर्दा भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशतसम्म हुने हालसम्मको तथ्यांकले देखाउँछ ।

**नगरसभाका सभासदजयूहरु,**
अब म आ.व. २०८०/८१ का लागि नगरपालिकाको वार्षिक लक्ष्य, उद्देश्य तथा अवलम्बन गर्ने महत्वपूर्ण नीतिहरुको प्रस्तुतीकरणका लागि अनुमति चाहन्छु ।

**क. नीति, कार्यक्रम तथा बजेटको उद्देश्यः**
समावेशी, समानुपातिक, सहभागितामूलक कार्यक्रम संचालन गरी जनताको खुशियाली अभिवृद्धि गर्ने ।

**ख. लक्ष्यः**
दिगो विकास लक्ष्यका सूचकहरु क्रमशः पुरा गरी स्थानियकरण गर्ने ।

**ग. प्राथमिकताः**
देहायका विषय क्षेत्रमा संघ, प्रदेश, स्थानीय तथा निजि क्षेत्रको लगानी अभिवृद्धि गरी प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्न देहाय बमोजिमका विषय क्षेत्रगत प्राथमिकीकरण गरिएको छ ।

१. सामाजिक विकास
२. पूर्वाधार विकास
३. सुशासन तथा संस्थागत विकास
घ. आर्थिक विकास
ङ. वातावरण तथा विपद व्यवस्थापन

**नगरसभाका सभासदजयूहरु,**
उल्लेखित विषय क्षेत्र तथा प्राथमिकतालाई सम्वोधन गर्न आ.व. २०८०/८१ मा देहाय अनुसार श्रोत परिचालन गरिनेछ ।

| क्र.सं. | विवरण | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | 15,73,00,000.00 | |
| २ | संघीय राजश्व बाँडफाँड | 12,91,15,000.00 | |
| ३ | संघीय समपुरक अनुदान | 50,00,000.00 | |
| ४ | संघीय विशेष अनुदान | 80,00,000.00 | |
| ५ | संघीय सरकार तथा विषयगत मन्त्रालय सशर्त अनुदान | 29,15,00,000.00 | |
| ६ | प्रदेश समानिकरण अनुदान | 1,19,41,000.00 | |
| ७ | प्रदेश राजश्व बाँडफाँड | 1,43,52,734.00 | |
| ८ | प्रदेश समपुरक अनुदान | 2,50,00,000.00 | |
| ९ | प्रदेश विशेष अनुदान | 70,00,000.00 | |
| १० | प्रदेश सरकार तथा विषयगत मन्त्रालय सशर्त अनुदान | 1,00,00,000.00 | |
| ११ | सडक बोर्ड | 50,00,000.00 | |
| १२ | आन्तरिक राजश्व | 16,50,00,000.00 | |
| १३ | मालपोत रोयल्टी | 8,00,00,000.00 | |
| १४ | सामाजिक सुरक्षा | 28,00,00,000.00 | |
| | कुल जम्मा | 1,18,92,08,734.00 | |

**नगरसभाका सभासदजयूहरु,**

अब म हामीहरुको लक्ष्य, उद्देश्य तथा प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक पर्ने महत्पूर्ण नीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## क. सामाजिक विकास

### १. स्वास्थ्य तथा पोषण

१. नगर भित्रका स्थायी बसोवास गर्ने नागरिकहरुका लागि आँखाको मोतिबिन्दुको निःशुल्क अपरेशन कार्यक्रम नगर प्रमुख संग आखा स्वास्थ्य कार्यक्रम मार्फत निरन्तरता दिइनेछ ।

२. महिलाको सुरक्षित मातृत्व र प्रजनन् सुरक्षाको लागि नगरमा रहेको प्रसुति गृहको क्षमता बृद्धि गर्दै लगिने छ । सुनौलो हजार दिनमा महिलाहरुको पोषणको निरन्तर रेखदेखको व्यवस्था मिलाईने छ । जन्म दर्ताकै समयमा पोषण भत्ता दिने व्यवस्था मिलाईनेछ ।

३. जेष्ठ नागरिक तथा अपांग भएका ब्यक्तिका लाई घरमा गइ त्रैमासिक रुपमा जेष्ठ नागरिकसँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

४. यस नगरपालिका भित्र रहेका नागरिकहरुलाई आगामी पाँच बर्षभित्र आधारभुत स्वास्थ्यसेवा निशुल्क रुपमा उपलब्ध गराईने नीतिलाई कार्यन्वयन गर्न संभाव्यता अध्ययन, वर्तमान अवस्था र स्रोत साधन सहितको दिर्घकालीन योजना तर्जुमा गरिने छ ।

५. अति आवश्यक स्वास्थ्य सेवा प्रवाहका लागि नगर स्तरीय एकिकृत एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

६. सामुदायिक स्वास्थ्यको प्रवर्द्धनमा स्वास्थ्य स्वयंसेवीकाहरुले खेलेको भुमिकालाई कदर गर्दै स्वयंसेविकाहरुको सेवालाई जवाफदेही, प्रभावकारी, उत्प्रेरित र सम्मानित वनाउन थप सुविधा र क्षमता विकास गरिनुका साथै यस आ.ब. देखि स्वास्थ्य बिमा मा आवद्धताका लागि नगरपालिकाबाट बिमा गराउने ब्यबस्था मिलाईनेछ ।

७. प्रत्येक नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई संरक्षण एवंम प्रबर्द्धनका लागी बिमा अभिकर्ताहरुलाई घर घरमा खटाई सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराईनेछ ।

८. महामारी, विपद् नियन्त्रण र अन्य स्वास्थ्य जोखिम व्यबस्थापनका लागि उचित प्रबन्ध मिलाईनेछ ।

९. आर्थिक अवस्था कमजोर भएका मुटु, मृगौला तथा क्यान्सर रोगबाट पीडित नागरिकहरुलाई संघ प्रदेशवाट उपलब्ध हुने सुविधाको अतिरिक्त मानव विकास सूचकाङ्क र विपन्नता तथा गरिवीको परिचय पत्रको आधारमा सहायता उपलब्ध गराइने छ ।

१०. गर्भवति महिलाहरुलाई बिषेश रेखदेख, प्रसुति केन्द्रमा प्रसुति हुने र आवश्यक उपचार तथा पौष्टिक आहारको व्यवस्था गरिने छ ।

११. मृगौलाको नियमित डायलायसिस गर्नुपर्ने बिरामीहरु तथा रगत चढाउने बिरामीका लागी निःशुल्क रगत चढाउँदा लाग्ने खर्च नगरपालिकाबाट प्रदान गरिने राहतलाई निरन्तरता दिईने छ ।

१२. आगामी वर्ष सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरी नगरपालिकालाई समेत षोषणमैत्री नगरपालिका घोषणा गरिनेछ ।

१३. “समृद्ध नगर र सुखी नगरवासी”को आकांक्षा पुरा गर्न खुसीका सूचकहरुलाई कार्यान्वयन ल्याउन आवश्यक व्यवस्था गरिनेछ । मनोपरामर्श, मनोचिकित्सा, प्राकृतिक चिकित्सा एवम योग ध्यान केन्द्र सञ्चालनका लागि नीतिगत व्यवस्था गरिनेछ ।

१४. बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनलाई विकासका कार्यक्रममा आन्तरिकीकरण गरिनेछ । विपद्जन्य पूर्व तयारी, उद्धार, राहत, पुननिर्माण र पुर्नस्थापना सम्बन्ध योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१५. सुनवल नगरपालिकाका दुर्गम बस्तिका नागरिकका लागि स्वास्थ्य सेवाको पहुच वृद्धि गर्न आबश्यकताको आधारमा निःशुल्क एम्वुलेन्सको ब्यवस्था गरिने छ ।

१६. नियमित खोप कार्यक्रमलाई आबश्यकताको आधारमा अन्य वडाहरुमा समेत बिस्तार गर्ने नीति लिइने छ । साथै यस बर्ष देखि नमुनाको रुपमा १ स्थानमा ए.सि. सहितको खोप केन्द्र संचालनमा ल्याईने छ ।

१७. पुर्ण नियमित खोपको सुनिश्चितता तथा शुन्य घरमा प्रसुति कार्यक्रमको सुनिश्चितता गरिनेछ ।

१८. सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था बनाउनका लागि आबश्यक पुर्वधारको निर्माण गरिने छ र क्रमिक रुपमा घोषणा गर्दै लगिने छ ।
१९. सुनवल नगरपालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न भिडियो एक्स्रे, ल्याब सहितको आकस्मिक सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

## २. शिक्षा, भाषा, कला तथा साहित्य

१. सबै बालबालिकाहरुको शिक्षामा पहुँचलाई सुनिश्चित गरिनेछ । उच्च शिक्षा अध्ययनमा छात्रवृतिको व्यवस्था गरिनेछ ।
२. सबै बिद्यालयका भौतिक संरचनाहरु बालमैत्री बनाईनेछ । दिवा खाजा कार्यक्रम नियमित र गुणस्तरीय बनाईनेछ । सबै विद्यालयहरुमा दण्ड रहित शिक्षा र प्रभावकारी बालमैत्री सिकाई पद्धति अवलम्बन गरिनेछ ।
३. सामुदायिक विद्यालयका भवन र अन्य भौतिक संरचना आवश्यकता अनुसार थप निर्माण, मर्मत संभार गरिनेछ । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरिनेछ । विद्यालयको भौतिक पक्षलाई अपाङ्गमैत्री वनाइनेछ ।
४. नगरभित्र संचालित संस्थागत विद्यालयहरुको अनुगमन, नियमन र शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ । संस्थागत विद्यालयको छात्रवृत्तीलाई पारदर्शी र लक्षितमैत्री बनाइनेछ ।
५. विद्यालयहरुसँग कार्यसम्पादन करार गरिनेछ । कार्यसम्पादन सूचकका आधारमा उत्कृष्ट बिद्यालय, शिक्षक, तथा कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
६. बिद्यालय व्यवस्थापन समितिको प्रभावकारी प्रबन्ध र जवाफदेहिता प्रर्द्धन गर्न अभिमुखिकरण तथा अभिभावक शिक्षा कार्यक्रमलाई विस्तार गरिनेछ ।
७. दक्ष, अर्धदक्ष प्राविधिक जनशक्ति तयारीका लागि प्राविधिक शिक्षालय सञ्चालन भएका विद्यालय तथा सिटिइभिटिवाट सम्वन्धन प्राप्त विद्यालयहरुको संस्थागत विकास गरिनेछ ।
८. विपन्न, असहाय, दलित र पछाडी परेको वर्गका लागि विशेष शैक्षिक कार्यक्रम अन्तरगत निःशुल्क शिक्षा दिने व्यबस्था मिलाइनेछ । सामुदायिक विद्यालयको आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
९. विभिन्न बिश्व बिद्यालय र शैक्षिक संस्थाहरुसंगको समन्वय र सहकार्यमा नगरको विकासका लागि विभिन्न पक्षको अध्ययन अन्वेषण गर्ने व्यवस्था मिलाईनेछ ।
१०. बिशेष संरक्षणको आवश्यकता परेका नगर भित्रका बालबालिकाहरुको अभिभावकत्व ग्रहण गर्दै उनिहरुको अध्ययनका लागि आवास सहितको पठनपाठनको व्यवस्था मिईनेछ । यसका लागि नगरभित्र पायक पर्ने विद्यालयलाई आवसीय वनाइनेछ ।
११. सुनवल नगरपालिकाको नगर कोषवाट सुविधा लिने शिक्षक, कर्मचारी, जनप्रतिनिधिका वालवालिकाहरु अनिवार्य रुपमा सामुदायिक विद्यलायमा अध्यापन गराउनुपर्ने व्यवस्था लागू गरिनेछ ।
१२. विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीको दुर्घटना विमा गरिने व्यवस्था मिलाईनछ ।
१३. शैक्षिक सत्र २०८० लाई सिकाइ उपलब्धी सुधार वर्षको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. जनश्रमदान र जनसहभागीतामा विद्यालयलाई हरित विद्यालय, शुद्ध खानेपानी, प्राथमिक उपचार कक्ष सहितका विद्यालय वनाइनेछ । विद्यालयमा सिकाइ उपलब्धी सुधारका लागि अक्षयकोष तथा स्टेशनरी वैंकको अवधारणा कार्यान्वयनमा ल्याईने नीति अवलम्बन गरिनेछ ।
१५. सुनवल नगरपालिकाको समग्र शिक्षा विकासको आधार र अवसर पहिचान गर्न तथा नेपाल सरकारले घोषणा गरेको निःशुल्क शिक्षालाई के कसरी प्रभावकारी रुपमा लागू गर्न सकिन्छ भन्ने विषयमा अध्ययन, विश्लेषण तथा छलफल गर्न सरोकारवालाको सहभागितामा बृहद शैक्षिक सम्मेलन गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

१. नगरपालिका भित्र रहेका खानेपानी समितिहरुको सेवा प्रवाहलाई एकरुपता ल्याउन पहल गरिनेछ ।

२. समुदायमा आधारित खानेपानी तथा सरसफाई कार्यालय बिस्तार गर्न पहल गरिनेछ ।

३. एक घर एक धारा तथा स्वच्छ खानेपानीको उपलब्धतालाई अन्तरनिकाय समन्वयमा क्रमशः पुरा गरिनेछ ।

## ४. महिला, बालबालिका तथा सामाजिक समावेशिकरण

1. नेपालको पहिलो वालमैत्री नगरपालिकाको रुपमा पहिचान बोकेको सुनवल नगरपालिकाको साखलाई अझै उचो वनाउन यस नगरपालिकालाई बालमैत्री अध्ययन केन्द्रको रुपमा विकास गरिने नीति अवलम्वन गरिने छ ।
2. विशेष संरक्षणको आवश्यकता पर्ने अनाथ बालबालिकाको संरक्षणका लागि नगरपालिकाले शिक्षा पालन पोषण लगायत अभिभावकीय भुभिका ग्रहण गर्ने नीति अवलम्वन गरिने छ ।
3. सुनवल नगरपालिकालाई महिलामैत्री बनाउन विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रि संघ संस्थासंग आवद्ध भई अभियानमुखी कार्यक्रम मार्फत निश्चित सूचकहरु पुरा गरी महिलामैत्री नगरपालिका घोषणाको पूर्वाधार तयार गरिने छ ।
4. महिला विरुद्ध हुने सबै प्रकारका हिसा, शोषण ,दुर्व्यवहार र भेदभाव अन्त्य गर्नका लागि केन्द्र, प्रदेश सरकारसंग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
5. हिंसा पीडित महिलाको तत्काल राहत तथा पुनः स्थापनाको लागि सेफा हाउस सञ्चालन गरिने छ । महिला हिंसा न्यूनिकरणका लागि परिवारमा मेलमिलाप, पुनः एकीकरण तथा आर्थिक सशक्तिकरण गर्ने कार्यलाई प्रभावकारी वनाइने छ ।
6. महिला, बालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति एवं लैंगिक तथा यौनिक अल्पसंख्यक माथि हुने हिंसामा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।
7. पढ्नका लागि उमेरले छेक्दैन भन्ने मूल नाराका साथ सञ्चालित समता महिला विद्यालयलाई थप सुविधा सम्पन्न बनाई प्रभावकारि रुपमा निरन्तर सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
8. नगरस्तरमा निर्माणधिन बहुउद्देश्यीय महिला सीप तथा उद्यम विकास केन्द्रलाई सञ्चालनमा ल्याई वडामा भएका महिला उद्यम केन्द्रमा उत्पादित सामग्रीहरुको बजारिकरण गरिने छ । महिलाहरुलाई उद्यम विकास, नेतृत्व विकास, सीप विकासमा सहभागी गराउदै रोजगारी सिर्जनाकालागि निजी क्षेत्र समेतका सहभागिता र सहकार्यमा थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।
9. नगरपालिका भित्र शारिरीक अपांगता भएका व्यक्तिहरुका लागि फिजियोथेरापि सेन्टर स्थापनाको पहल गरिने छ ।
10. नगरपालिका भित्र शारिरीक अपांगता भएका व्यक्तिहरुका आवश्यकताको आधारमा पुनः स्थापना केन्द्र स्थापना र निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालनको नीति अवलम्वन गरिने छ ।
11. सुनवल नगरपालिका भित्र संचालनमा रहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई थप व्यवस्थित बनाउदै लगिने छ । सवै केन्द्रहरुको सहभागितामा नगरस्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन गरिने छ ।
12. प्रत्येक १ वडा १ बालमैत्री पार्क निमार्णको थालनी गरिने छ ।
13. बालबालिकासँग सम्बन्धित बजेट, नीति तथा कार्यक्रम निर्माण, बाल सहभागिताको अधिकार कार्यान्वयनका लागि वार्षिक, अर्ध वार्षिक रुपमा वडा र पालिका स्तरको बालभेला (चित्रकथा रचना आदिको माध्यमबाट) सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
14. बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार बाल अधिकार समिति गठन, परिचालन, बाल कोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ति र परिचालनको कार्यक्रमहरूको सुनिश्चितता गरिनेछ ।

15. बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने, हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसँगको सहकार्यमा स्थानीय प्रहरी इकाई मार्फत विशेष सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
16. आमाबाबु विहीन बालबालिकाको लागि आश्रीत परिवारमा रही हुर्कने तथा अवसर प्राप्त गर्ने वातावरण सिर्जना गर्न अनाथ बालबालिकाको लागि विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।
17. बालिकामैत्री, अपाङ्गतामैत्री सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरूको प्रवर्द्धन गर्न पुर्वाधार सुधार तथा विद्यालयमा स्यानीटरी प्याड, बालिका र अपाङ्गता लक्षित खेलकुद लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
18. हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्दार, संरक्षण, कानूनी सहायता जस्ता कार्यका लागि बाल हेल्पलाइन सेवा (१०९८) र बालबालिका खोजतलास केन्द्र ( १०४) मा समन्वय गर्ने र अस्थायी संरक्षण तथा पुन:स्थापना केन्द्र सञ्चालनको सुनिश्चितता गर्ने व्यवस्था मिलाउन विभिन्न संघ संस्थासँग समन्वय र सहाकार्यको सुनिश्चितता गरिने छ।
19. बालश्रममुक्त स्थानीय तह, बालमैत्री , पोषणमैत्री, वातावरणमैत्री र युवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिने छ ।
20. वडा र नगरस्तरमा वार्षिक रुपमा बालक्लव गठन, पुनर्गठन तथा उत्कृष्ट बालक्लवलाई वार्षिक सम्मान तथा पुरस्कारको व्यवस्थापन गर्ने, बालक्लवमा समावेसीसहित ५१ प्रतिशत बालिका सहभागिता सुनिश्चित गरिने छ ।
21. बालिका तथा किशोरी सशक्तिकरणको लागि रेडियो कार्यक्रम, राष्ट्रिय बाल दिवस भाद्र २९, अन्तर्राष्ट्रिय बाल दिवस नोभेम्बर २०, अन्तर्राष्ट्रिय बालिका दिवस ११ अक्टोबर, अन्तर्राष्ट्रिय युवा दिवस , अगष्ट १२ , सामाजिक सुरक्षा सप्ताह ( २५ देखि २८ नोभेम्बर)मा विविध कार्यक्रम सञ्चालन गरिने छ ।
22. विभिन्न महामारीको असरबाट बालबालिकालाई जोगाउन तथा न्यूनीकरण गर्न, वैकल्पिक शिक्षा, सेवा प्रवाह, बालमैत्री, किशोरी मैत्री, अपाङ्गता मैत्री, मनोपरामर्श, आइसोलेसन, स्थानीय स्वास्थ्य सेवा प्रवाहमा सोही अनुसार संरचना, पोषणयूक्त खाना सहितको सुरक्षा किटको व्यवस्था गर्ने कार्यक्रम अभियनको रुपमा सञ्चालन गरिने छ ।
23. जेष्ठ नागरिक, अपाङ्गता भएका , एकल महिला, सुत्केरी, गर्भवती, बाबुआमा विहिन, बालबालिका, सिमान्तकृत वर्गको लागी विशेष आकस्मिक कोषको व्यवस्थापन गरी परिचालन गरिने छ ।

## ५. युवा खेलकुद तथा नवप्रवर्तन

1. नगर खेलकुद विकास समितिलाई पूर्णता दिईनेछ । नगरपालिका भित्र संचलन हुने सबै किसिमका खेलकुदहरु समिति मार्फत संचालन हुने व्यवस्था मिलाईनेछ ।
2. नगर भित्र कृयाशिल युवा क्वलहरुको संजाल निर्माण गरी प्रतिस्पर्धात्मक खेल प्रणालीलाई व्यस्थित गरिनेछ ।
3. युवा रोजगारी, श्रृजनशिलतालाई बढावा दिन अन्तरनिकाय समन्वयमा नवप्रवर्तनका कार्यक्रमहरु संचालन गरिनेछ ।
4. १ वडा १ खेल मैदानको अवधारणालाई पूर्णता दिन लगानी वृद्धि गरिनेछ ।

5. नगरपालिका भित्र निर्माणाधिन खेलमैदान, कभर्डहल लगायत अन्य खेल संरचनाहरु सम्पन्न गरी प्रभावकारी रुपमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
६. युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेल मैदान निर्माण, कवर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था, र अन्य खेल पूर्वाधार निमार्ण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
७. युवा उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको व्यवस्था मिलाईनेछ ।
८. गरिवीको दुष्चक्रमा परेका नागरिकको उद्धारका लागि गरिवसँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।
९. सबैका लागि खेलकुद , सधैंका लागि खेलकुद अभियान संचालन गरिने छ । हरेक वडामा एक खेल मैदान अभियान अन्तरगत हाल भएका खेल मैदानको स्तरउन्नती गर्दै लगिने छ ।
१०. फुटबल, बास्केट बल, भलिवल, क्रिकेट एवं मार्सल आर्टस सम्बन्धी खेलको विकास र विस्तारका लागि नगरस्तीय खेलकुद समितिलाई क्रियाशिल वनाइ संस्थागत विकास गरिनेछ ।

### ६. सामाजिक सुरक्षा तथा पञ्जिकरण

1. सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी , जवाफदेही, उत्तरदायी र सेवाग्राहीमैत्री बनाइने छ ।
2. स्थानीय स्तरमा बालबालिकाको घटना व्यवस्थापन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेको समाजसेवी तथा बाल मनोविज्ञ जनशक्तिको उत्पादनका लागि विशेष तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
3. सामाजिक सुरक्षा तथा पञ्जिकरण अभियानमा छुट भएका/हुनसक्ने नागरिकहरुलाई उक्त कार्यक्रममा समावेश गराउन अभियानमुखी कार्यक्रम संचालन गरिनेछ ।
4. घटना दर्ता र पंञ्जिकरण सम्बन्धि गुनासा र सो सँग जोडिएका जटिल विषयमा सहजिकरण गर्न एमआईएस अपरेटरबाट गरिने सेवा प्रवाहलाई नागरिकमैत्री बनाइनेछ ।

## ख. पूर्वाधार विकास

### १. भवन तथा बस्ती विकास

१. भवन निर्माण गर्दा अनिवार्य नक्सापास, भूकम्पिय जोखिम न्यूनता लगायत समग्र भवन आचार संहिताको पूर्णपालना गरिनेछ ।
२. सबै वडामा वडा कार्यालय तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
३. भौगोलिक अवस्था, जमिनको अवस्थितिका आधारमा विकास हुने बस्तीहरुलाई सेटलाईट सिटीको आवधारणा अनुरुप विकास गरिनेछ ।
४. नगरपालिका भित्र नमूना बस्ती विकास कार्यक्रम संचालन गरिनेछ ।
५. व्यक्ति, समुदाय तथा उद्योगको भवन निर्माणका लागि नक्सापास प्रणालीलाई अनिवार्य गरी स्मार्ट सफ्टवयर प्रणालीमा आवद्ध गरिनेछ ।
६. आवास बिहिन नागरिकहरुलाई आवासको सुनिश्चितता गर्न अन्तरनिकाय समन्वयमा विपन्न आवास कार्यक्रम संचालन गरिनेछ ।

### २. सडक, पुल तथा यातायात

१. नगरपालिकाको समग्र पूर्वाधारको स्थिति देखिने गरी पूर्वाधार प्रोफाईल निर्माण गरी निर्माण, पुननिर्माण तथा नविन निर्माणको कार्यलाई सार्वजनिक, निजी, साझेदारी कार्यक्रम अन्तरगत अगाडि बढाईने छ ।

२. नगरपालिकाको यातायात गुरुयोजना निर्माण गरी गुरुयोजना अनुसार सडकको क्षेत्राधिकार, आवश्यक सडक, पुल, नगर रिङरोड, नगर क्षेत्रभित्र सडक नभएको बस्तीमा सडक पुऱ्याउने जस्ता कार्यहरुलाई व्यवस्थित गरिनेछ ।
३. सडक क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
४. "सुनवल नगरपालिकाको समृद्धिको आधार, सुशासनयुक्त विकासमा पूर्वाधार" अभियान संचालन गरिनेछ ।

**३. जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा**

१. सुनवल नगरपालिकालाई उर्जायुक्त नगरपालिका बनाउन आवश्यक पहल गरिनेछ ।
२. बढ्दो उर्जा खपतलाई मध्येनजर गरी वैकल्पिक उर्जा सदुपयोगमा जोड दिईनेछ ।

**४. सूचना तथा संचार प्रविधी**

१. नगरपालिकाको सम्पूर्ण क्षेत्रमा गुणस्तरिय सूचना तथा संचार प्रविधी पुऱ्याउन पहल गरिनेछ ।
२. नगरपालिकाको सेवा प्रवाहमा क्रमशः पेपरलेस सेवामा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ ।
३. सूचना प्रविधीमैत्री नागरिक तथा प्रविधीमा नागरिकको पहुँच पुऱ्याउन महत्वपूर्ण स्थानहरुमा फ्रि वाईफाई सेवा बिस्तार गर्न पहल गरिनेछ ।
४. सूचना प्रविधीसंग सम्बन्धित निकाय नेपाल टेलिकम, निजी क्षेत्र लगायत कृयाशिल संस्थाहरुको समन्वयमा सूचना तथा प्रविधीको प्रयोग, विविधीकरण र सरलीकरण सम्बन्धमा एकिकृत प्रयास गरिनेछ ।

**ग. सुशासन तथा संस्थागत विकास**

**१. नीति, कानून, न्याय तथा सुशासन**

१. नगरपालिकाको समग्र विकासात्मक, प्रशासनिक तथा अन्तरनिकाय समन्वयका गतिविधी संचालन गर्न आवश्यक ऐन, नियम, कार्यविधी तथा दिग्दर्शन, मापदण्ड निर्माण गरी बजेट कार्यान्वयन प्रकृयालाई सरलीकृत गरिनेछ ।
२. सुशासनका महत्पूर्ण अंगहरु पारदर्शीता, जवाफदेहीता कायम गर्न जनप्रतिनिधी र कर्मचारीको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।
३. नगरपालिकाको स्थानीय, राष्ट्रिय पहिचान अभिवृद्धि गर्न आन्तरिक पालिका-पालिका तथा बाह्य सरकार तथा स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गरी सुनवल नगरपालिकाको पहिचान वृद्धि गर्न पहल गरिनेछ ।

**२. संगठन तथा क्षमता विकास**

१. संगठन संरचनालाई कार्यचापको आधारमा पुर्नसंरचित गरी कार्यान्वयनमा ल्याईनेछ ।
२. समग्र कर्मचारी र जनप्रतिनिधीको क्षमता विकासका लागि क्षमता विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
३. नगरपालिका भित्र कार्यरत सम्पूर्ण करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

**३. जनशक्ति विकास तथा सेवा प्रवाह**

१. जनशक्ति विकासका लागि जनशक्ति विकास योजना निर्माण गरी लागू गरिने छ ।
२. संगठन अध्ययन प्रतिवेदन अनुसार आवश्यक जनशक्तिको माग र पदपूर्ति प्रक्रिया व्यवस्थित गरिनेछ ।
३. सेवा प्रवाहलाई संजालीकरण गर्दै सूचना प्रविधीमा आवद्द गरिने छ ।

४. संगठनात्मक अध्ययन प्रतिवेदन अनुसार हाल कृयाशिल शाखा, महाशाखालाई पुर्नसंरचित गरी सेवा प्रवाहलाई सरलीकृत गरिनेछ ।
५. कार्यसम्पादनलाई सरलीकृत, प्रतिस्पर्धात्मक तथा नागरिकमैत्री बनाउन सम्पूर्ण शाखा, उपशाखा बीच कार्यसूचकका आधारमा करार सम्झौता गरिनेछ ।
६. कर्मचारीको कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाईनेछ ।

## ४. तथ्यांकीय प्रणाली

१. नगरपालिका भित्रको भौगोलिक, समाजिक, आर्थिक तथा पूर्वाधारजन्य स्थितिको यर्थाथ अवस्था झल्किने गरी खण्डिकृत तथ्यांक सहितको नगर पार्श्रव चित्र निर्माण गरिनेछ ।
२. नगरपालिका भित्र रहेका सम्पूर्ण सम्पत्तिहरुको विवरण संकलन गरी प्रभावकारी प्रयोगका लागि तथ्यांकीय प्रणालीमा आवद्ध गरिने छ ।

## ५. योजना र विकास व्यवस्थापन

१. नगपालिका भित्रका महत्वपूर्ण योजनाहरुको प्रोजेक्ट बैंक (Project Bank) निर्माण गरी क्रमशः कार्यान्वयन गरिने छ ।
२. स्वीकृत योजना तथा कार्यक्रमहरु एकद्धार प्रणाली अन्तरगत योजना अनुगमन तथा प्रशासन महाशाखाबाट गरिनेछ ।
३. नगरपालिका भित्र रहेका विभिन्न संघ संस्था, समिति, समूह, क्लब लगायत सम्पूर्ण संगठित संस्थाहरुको विवरण सहितको प्रोफाईल निर्माण गरी क्षमताका आधारमा नगरको समग्र विकासमा परिचालन गर्ने नीति अवलम्बन गरिने छ ।
४. बजेट कार्यान्वयनका लागि बजेट कार्यान्वयन कार्ययोजना निर्माण गरी कार्ययोजना अनुसार कार्यान्वयनमा ल्याईने छ ।
५. योजना तथा कार्यक्रमहरु खरिद योजना, खरिद गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
६. समग्र बजेट तथा योजनालाई मध्यावधी खर्च संरचना, दिगो विकास लक्ष्य, लैंगिक बजेटका सूचकहरु कार्वान्वयन हुने गरी स्थानीयकरण गरिनेछ ।

## घ. आर्थिक विकास क्षेत्र

## १. कृषि विकास

१. कृषि, पशु तथा जडीबुटीजन्य उत्पादन तथा प्रशोधन जस्ता व्यवसायिक आयमूलक कार्यक्रमहरु गैसस र निजी क्षेत्रको साझेदारमा संचालन गरिनेछ ।
२. समग्र कृषि विकासका लागि अन्तर निकाय समन्वयमा ब्लक, पकेट र जोन कार्यक्रम संचालन गरिनेछ ।
३. कृषि विकासमा १ वडा १ उत्पादनको नीति अवलम्बन गरिनेछ ।
४. कृषि उद्यमलाई प्रभावकारी बनाउन कृषि उत्पादन बजार सुनिश्चित कार्यक्रम संचालन गरिनेछ ।
५. समग्र कृषि क्षेत्रको उन्नतीका लागि कृषि विकास प्रवर्द्धन कोष खडा गरी कोषको माध्यमद्धारा कृषिमा अनुदान, उत्पादनमा बजारीकरण कार्यक्रम संचालन गरिनेछ ।
६. मुख्य खाद्यान्न बाली, तरकारी, फलफूल, फूल, माछा, दुध, मासु, अण्डा र तेलहन तथा लहरे बाली लगायतका कृषिजन्य बाली बस्तुको पकेट क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।
७. आधुनिक तथा नविनतम कृषि औजार, उपकरण, मेशीनरीको प्रयोगलाई प्राथमिकताका दिईनेछ र थप आयआर्जका निमित्त उपलब्ध जनशक्तिलाई आकर्षण गरिनेछ ।
८. बैज्ञानिक भू-उपयोग प्रणालीको सिद्धान्तलाई आत्मसाथ गर्दै जमिनलाई कृषि तथा गैर कृषि प्रयोजनका आधारमा बिभाजन गरी उर्वर भूमिलाई गैर कृषि प्रयोजनका लागि उपयोगमा ल्याउन निरूत्साहित

गरिनेछ । बाँझो जमिनमा नगरपालिकाले भूमिहीन किसान, अल्प समुदाय, लक्षितबर्ग वा अन्य बिपन्न कृषकलाई खेती करारनामा गरी करार खेतीको अवधारणाको विकास गरिनेछ । सरकारी जग्गामा चक्लाबन्दी गरी नमूना फार्महरु संचालन गरिनेछ ।

९. उत्पादित कृषि बस्तुको सहज प्रवाहको लागि कृषि सडकको स्तरोन्नती गरिनेछ ।

१०. भूगोल सुहाउँदो उपयुक्त कृषि प्रविधिको अनुसन्धान, विकास तथा प्रसार गरिनेछ र त्यसका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

११. बगर तथा बाँझो खेतीयोग्य जमिनमा सम्भावनाको आधारमा कृषि बाली उत्पादन, घाँस खेती, फलफूल खेती वा अन्य नविनतम कृषि प्रणालीको माध्यमबाट आयआर्जन गर्न प्राथमिकता दिईनेछ ।

१२. साना कृषकहरुलाई बिशेष खालका कृषि विकास कार्यक्रम मार्फत संबोधन गरिनेछ । पाँच कट्ठा भन्दा थोरै जमिन भएकालाई किसानलाई सानाकृषकको रुपमा बर्गीकरण गरिनेछ ।

१३. कृषि व्यवसाय तालिम तथा नविनतम प्रबिधि प्रसारको माध्यमबाट कृषकको क्षमता विकास गरी स्वरोजगार प्रदान गरिनेछ । बैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तालिमको व्यवस्था मिलाइनेछ । यस्ता युवालाई तालिम पश्चात कृषि कृयाकलाप गर्न उत्प्रेरित समेत गरिनेछ ।

१४. नगर कृषक सञ्जाल गठन गरी नगरको कृषिका अवसर तथा चुनौती बारे छलफल गर्दै रोजगारीका क्षेत्रहरु पहिचान गरिनेछ । यस संजाल मार्फत नीतिगत सुझाव तथा अनुगमन कार्यमा तिब्रता दिईनेछ ।

## २. पशुपंक्षि विकास

१. एक वडा १ पशु फर्म अभियान संचालन गरिनेछ ।

२. पशुपंक्षी विकास तथा बजारीकरणलाई आवश्यक पहल गरिनेछ ।

३. पशुपंक्षी रोग निवारण, पशु सुरक्षा तथा पशुपंक्षी मार्फत सुनिश्चित आयआर्जनका लागि उत्पादनमा आधारित अनुदान, विमा तथा पशु उपचार सेवालाई अभियानका रुपमा संचालन गरिनेछ ।

४. उल्लेखित पशु विकास सेवामा टेवा पुऱ्याउन पशु विकास कोष खडा गरी कार्यान्वयनमा ल्याईनेछ ।

## ३. सिंचाई

१. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गा नराख्ने नीति अवलम्बन गरी भूमिगत सिंचाई प्रणालीलाई प्राथमिकता दिईनेछ ।

२. पानीको मुहान, सिंचित जमिनको अवस्थालाई हेरी लिफ्ट सिंचाई प्रणालीलाई प्राथमिकता दिईनेछ ।

३. परापूर्वकालदेखि चलि आएका कुला तथा नहरहरु संरक्षण र पुर्ननिर्माणको नीति अवलम्बन गरिनेछ ।

## ४. उद्योग, व्यापार तथा व्यवसाय

१. समग्र नगरपालिकाको उद्योग, व्यापार तथा व्यवसायको तथ्यांक अद्यावधीक गरिनेछ ।

२. साना तथा घरेलु उद्योग संचालन र संरक्षणमा जोड दिईनेछ ।

३. साना व्यवसायहरुलाई संरक्षण गर्न व्यवसाय संचालनको वातावरण सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।

४. ठूला उद्योग तथा व्यवसायलाई नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्न अन्तर सरकार समन्वयमा सहजीकरण गरिनेछ ।

## ५. पर्यटन तथा संस्कृति

१. समग्र पर्यटन विकासलाई मध्येनजर गरी सुनवल सर्किट निर्माण गरी अन्तर निकाय समन्वयमा लगानी बढाईनेछ ।

२. नगर भित्रका समग्र सांस्कृतिक पहिचानका क्षेत्रहरुको संरक्षण तथा संवर्द्धनका लागि लगानी बढाईनेछ ।

४. नगरपालिका भित्र परापूर्वकालदेखि चली आएका सांस्कृतिहरुको यथार्थ पहिचान झल्कीने गरी सांस्कृतिक प्रोफाईल निर्माण गरी संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।
५. नगर भित्रका धार्मिक, सांस्कृतिक एवं लोकपरम्परा र स्थलहरुको पहिचान, संरक्षण र विकासमा जनसहभागिता परिचालन गरी रोजगारी श्रृजना गरिनेछ ।
६. नगरपालिका भित्र रहेका धार्मिक सास्कृतिक क्षेत्रमा क्रियाशिल समितिहरुको नगर स्तरीय सञ्जाल निर्माण गरि एकीकृत रुपमा संस्कृति संरक्षण तथा विकासमा सहभागिता वढाउने नीति अवलम्वन गरिने छ ।
७. नगरक्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरु र अमुर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यमा स्थानीय टोल विकास संस्था, आमा समूह, क्लव, संघसंस्थाहरु लगायत स्थानीय समुदायलाई परिचाल गरी संरक्षण तथा सम्वर्द्धनको नीति अवलम्वन गरिनेछ ।
८. आन्तरिक र बाह्य पर्यटक वृद्धि गर्न तथा नगरपालिका भित्र रहेका सम्पूर्ण प्राकृतिक, सांस्कृतिक, धार्मिक, सामाजिक क्षेत्रका उल्लेखनिय संग्रहहरुको व्यवस्थापन गर्न सांकृतिक संग्रालयको निर्माण गर्न पहल गरिनेछ ।

## ६. भूमि व्यवस्थापन

1. नगरपालिका भित्र रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्वासिलाई व्यवस्थित वसोवासको लागि जग्गा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
2. भू-उपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यसै आ.व.मा भूउपयोग क्षेत्र निर्धारण गरी जग्गाको वर्गिकरण सम्पन्न गरिनेछ । जग्गाको वैज्ञनिक व्यवस्थापन गरि प्रगतिशिल कर प्रणालीमा आवद्ध गरिने छ ।
3. अव्यवस्थित वसोवासिलाई व्यवस्थित बसोवास गर्नका लागि वडा नं. ५ बाट शुरु गरिएको जग्गा नापजाँच कार्यलाई समयमै सवै वडामा सम्पन्न गर्न थप कर्मचारीहरु व्यवस्थापन गरी अव्यवस्थित वसोवासीलाइ व्यवस्थित गरिने छ ।
4. नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु , सरकारी जग्गाहरुको नक्शांकन र सिमांकन गरी तारवार सहित संरक्षण कार्यलाई अगाडि वढाइने छ ।
5. वडा स्तरीय सिमाना, नगरपालिकाको सिमानामा देखिएका समस्याहरुलाई व्यवस्थापन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

## ७. सहकारी तथा वित्तिय सेवा

1. तीन खम्बे अर्थ नीति अन्तरगत सहकारी क्षेत्रको लगानीलाई सुरक्षित र प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
2. सहकारीसंग कृयाशिल जिल्ला संघ, नगरपालिकामा दर्ता भएका सहकारीहरुको बृहद सहकारी सम्मेलन गरी सहकारीको संरक्षण तथा नागरिकको रोजगारी श्रृजनामा आवश्यक पर्ने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
3. नगरपालिका भित्र कृयाशिल वित्तीय संस्थाहरुलाई एकिकृत गरी लगानी सुरक्षण तथा लगानी प्रयोगमा एकरुपता ल्याउने नीति अवलम्बन गरिनेछ ।
4. समग्र नागरिकहरु वित्तीय पहुँचबाट बञ्चित नहुने संयन्त्रको निर्माण गरी वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
5. वित्तीय सेवामा कृयाशिल निजी क्षेत्रहरुलाई थप प्रभावकारी बनाउन आवश्यक प्रकृया अगाडि बढाईनेछ ।
6. सहकारी र वित्तीय सेवाबाट थप रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ ।

## ८. श्रम रोजगारी तथा गरिबी निवारण

1. प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै रोजगारी सुनिश्चितता र गरिबी निवारणमा प्रभावकारी पहल गरिनेछ ।
2. समग्र निजी क्षेत्र (संघ संस्था, गैसस) बाट हुने श्रम व्यवस्थापन तथा गरिबी निवारण सम्बन्धी कार्यलाई एकिकृत गरी थप रोजगारी श्रृजना गर्ने नीति अवलम्बन गरिनेछ ।
3. नगरपालिका भित्र संचालित उद्योगहरुमा स्थानीय नागरिकलाई रोजगारी दिन आवश्यक पहल गरिनेछ ।
4. सामुदायिक वन, सहकारी क्षेत्र, वित्तीय क्षेत्र लगायत श्रम र गरिबी निवारणसंग सम्बन्धित कार्यलाई स्थानीय श्रमको प्रयोग गर्ने वातावरणको श्रृजना गरिनेछ ।

## ङ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

### १. वन, भू संरक्षण तथा जैविक विविधताः

1. बन, वातावरण तथा मानव जातीको स्वास्थ्यलाई खलल पार्ने खालका वस्तु (जस्तै हानीकारक प्रतिबन्धित बिषादी, यन्त्र उपकरण, झारपात आदि) को प्रयोगलाई नगरभित्र पुर्णरुपमा निषेध गरिनेछ ।
2. वातावरण, मानव स्वास्थ, पशुपन्छी एवं जैबिक विविधतालाई नकारात्मक असर पुऱ्याउने गरी कुनैपनि उत्पादन, आयात र निर्यात गर्न नपाइने कुराको आवश्यक समन्वय गरी लागु गरिनेछ ।
3. वन , जैविकि विविधता संरक्षण तथा विकासका लागि वन संग सम्वन्धित सबै सरोकारवालाहरुको सहभागितमा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
4. नगरपालिका भित्र क्रियाशिल सामुदायिक वन, वैज्ञानिक वन  लगायत यस्ता प्रकारका संघ संस्थाको सञ्जाल निर्माण गरी सञ्जाल मार्फत वन व्यस्थापन, वनमा आधारित उद्यम विकास, जैविक विविधत संरक्षण तथा स्थानीय रोजगारी सिर्जना गर्ने  नीति अवलम्वन गरिने छ ।

### २. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन

१. नगरको फोहोरलाई वर्गिकरण गरी गल्ने, कुहिने र सड्ने फोहोरलाई मलमा रुपान्तरण गरी घर बगैंचा, कौसी तथा करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
२. फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गरी प्रविधी सम्पन्न फोहरमैला व्यवस्थापन केन्द्रको स्थापनामा पहल गरिनेछ ।
३. वातावरण संरक्षणका लागि एक वन, एक उद्यान, नगरपालिकाका महत्वपूर्ण सडक हरियाली सडक, एक वडा बहुपोखरी, कार्बन न्यूनिकरण जस्ता कार्यक्रम अन्तर निकायको समन्वयमा संचालन गरिनेछ ।

### ३. विपद जोखिम व्यवस्थापन

१. नगरपालिका भित्र रहेका जोखिमयुक्त क्षेत्रहरुको जोखिम नक्साङ्कन गरी संरक्षणको उपायहरुको अवलम्बन गरिनेछ ।
२. नदिउकास, नदिकटान क्षेत्र, नदिको तटीय क्षेत्र संरक्षण र संवर्द्धनका लागि जाली र नाली कार्यक्रम संचालन गरिनेछ ।

### ४. जलवायु परिवर्तन अनुकुलन

१. समग्र नागरिकको जीवनशैली, समग्र विकासात्मक गतिविधीलाई जलवायु अनुकुलन अनुसार संचालन गर्न आवश्यक पहल गरिनेछ ।

२. स्थानीय सम्भावना, तुलनात्मक लाभ, जलवायु अनुकुलन लगायतका आधारमा मानवीय तथा जैविक गतिविधी संचालन गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**विविधः**

**१. सार्वजनिक, निजी, साझेदारीः**

नगरपालिका भित्र निर्माण हुने ठूला भौतिक पूर्वाधार लगायत अन्य पूर्वाधार निर्माणमा सार्वजनिक, निजी, साझेदारी नीति अनुरुप आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**२. न्यायिक क्षेत्रः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को भावन अनुरुप नगरपालिकामा कृयाशिल न्यायिक समितिलाई प्रभावकारी परिचालन गर्दै नागरिकको न्यायमा पहुँच कार्यक्रम संचालन गरिनेछ ।

**३. श्रोत व्यवस्थापन तथा राजश्व परिचालनः**

- नेपालको संविधानमा परिकल्पना गरिएका सहकारीतामूलक संघीयतालाई आत्मसाथ गर्दै प्रतिष्पर्धात्मक तथा स्वाबलम्बी स्थानीय सरकार निर्माण गर्न आन्तरिक श्रोत व्यवस्थापन तथा श्रोत परिचालनमा राजश्व सुधार योजनाले निर्देशन गरेका कृयाकलापहरु अवलम्बन गर्ने नीति लिईनेछ ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको भरमा पालिका संचालन हुने हालको अवस्थालाई न्यूनिकरण गर्दै आन्तरिक श्रोत संकलनमा बढोत्तरी गरी आत्मनिर्भर नगरपालिका बनाउन समूहिक प्रयास गरिनेछ ।
- आन्तरिक श्रोत बृद्धिमा नागरिक तथा समग्र निजी क्षेत्रको सहभागितालाई सुनिश्चित गरिनेछ ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन वडागत प्रतिस्प्रर्धा गराई बढी राजश्व संकलन गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- समग्र राजश्व प्रणालीलाई स्मार्ट सफ्टवयर प्रणालीमा आवद्ध गरी कर चुहावटलाई न्यूनिकरण गरिनेछ ।
- करको दर होईन दायरा वृद्धि गरी कर संकलन गर्ने र करको दायरामा आउने नागरिकलाई निश्चित सूचकका आधारमा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- कर चुहावट प्रणालीलाई निरुत्साहीत गर्न दण्डात्मक व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

विगतमा नगरपालिकाले अवलम्ब गरी हालसम्म निरन्तरता दिएका स्वीकृत नीतिहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

**नगरसभाका सभासदजयूहरु,**

अब म उल्लेखित नीति, कार्यक्रम कार्यान्वयन गर्न देहायको विषय क्षेत्रमा देहाय बमोजिम रकम विनियोजन गरिएको छ ।

**क. सामाजिक क्षेत्र**

स्वास्थ्य तथा पोषण, शिक्षा, भाषा, कला तथा साहित्य, खानेपानी तथा सरसफाई, महिला, बालबालिका तथा सामाजिक समावेशिकरण, युवा खेलकुद तथा नवप्रवर्तन, सामाजिक सुरक्षा तथा पञ्जिकरणका लागि कुल रु. ६३ करोड ९८ लाख ८५ हजार विनियोजन गरिएको छ ।

**ख. भौतिक पूर्वाधार क्षेत्र**

भवन तथा बस्ती विकास, सडक, पुल तथा यातायात, जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा, सूचना तथा संचार प्रविधीका लागि कुल रु. २५ करोड ९२ लाख ८ हजार ७ सय ३४ विनियोजन गरिएकोछ ।

**ग. सुशासन तथा संस्थागत विकास**

नीति, कानून, न्याय तथा सुशासन, संगठन तथा क्षमता विकास, जनशक्ति विकास तथा सेवा प्रवाह, तथ्यांकीय प्रणाली, योजना र विकास व्यवस्थापनका लागि कुल रु. २० करोड १२ लाख ३ हजार विनियोजन गरिएको छ ।

**घ. आर्थिक विकास क्षेत्र**

कृषि विकास, पशुपंक्षि विकास, सिंचाई, उद्योग, व्यापार तथा व्यवसाय, प्रर्यटन तथा संस्कृति, भूमि व्यवस्थापन, सहकारी तथा वित्तिय सेवा, श्रम रोजगारी तथा गरिबी निवारणका लागि कुल रु. ७ करोड ३९ लाख १२ हजार विनियोजन गरिएकोछ ।

**ङ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

वन, भू संरक्षण तथा जैविक विविधता, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन, विपद जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलनका लागि कुल रु. १ करोड ५० लाख विनियोजन गरिएकोछ ।

यसरी विषय क्षेत्रगत रकम विनियोजन गर्दा कुल बजेट रु. १ अरब १८ करोड ९२ लाख ८ हजार ७ सय ३४ को चालु खर्च तर्फ रु. ६६ करोड ४० लाख ६४ हजार ८ सय ३ र पूँजीगत खर्च तर्फ रु. ५२ करोड ५१ लाख ४३ हजार ९ सय ३१ विनियोजन गरिएकोछ ।

**नगरसभाका सभासदजयूहरु,**

स्थानीय सरकारको लक्ष्य, उद्देश्य, प्राथमिकता, नीतिहरु र रणनीतिहरु संविधानको मर्म अनुसार सहकारीतामूलक, जनमैत्री हुनु पर्दछ । यसको अन्तिम गन्तब्य समग्र नागरिकको खुशियाली वृद्धि गर्नु हो । स्थानीय श्रोतको परिचालन, विकास निर्माणमा लागत सहभागिता, सम्पूर्ण सरोकारवालाहरुको संलग्नता, कार्यान्वयन पक्षमा सरलताको कारणबाट जनतामा खुशियाली वृद्धि हुने हुँदा हामीहरुलाई प्राप्त जिम्मेवारी उच्च मनोवलका साथ पुरा गर्न सामुहिक प्रयत्न गर्नु पर्छ । हालसम्म प्राप्त उपलब्धी, उपलब्धीको रक्षा र बजारीकरणमा हामी सबैको साझा जिम्मेवारी हो । यो जिम्मेवारी पुरा गर्न हामी सबैलाई सफलता मिलोस । यो महत्वपूर्ण अभियानमा सहयोग, सल्लाह र सुझाव दिने सम्पूर्ण राजनीतिक दल, माननिय संघ तथा प्रदेश सभाका सदस्यज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, नागरिक क्षेत्र, कर्मचारी वर्ग तथा पत्रकार जगतमा हार्दिक धन्यवाद दिदैं आगामी दिनमा हामीहरुको साझा प्रयासमा सहयोगका लागि अनुरोध गर्दै उल्लेखित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आफ्नो तर्फबाट नेतृत्व प्रदान गर्ने तथा सम्पूर्ण सभासदज्यूहरुको सामुहिक सहयोगको अपेक्ष सहित विदा हुन चाहन्छु ।

**धन्यवाद**

**बिमला अर्याल**
**नगर प्रमुख**

**मितिः २०८० असार ४ गते रोज २ मा शुभम् ।**